नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

जलेश्वर, महोत्तरी

पत्र संख्याः- २०८१/८२
च.न. १९६

मितिः २०८१/१०/११

**विषयः सहभागिता सम्बन्धमा।**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**महोत्तरी जिल्लाका सबै स्थानीय तह।**

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय तहले आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका कार्यहरुको समीक्षा, असल अभ्यास सम्बन्धमा अनुभव तथा सिफाइको आदान-प्रदान सम्बन्धी प्रदेश स्तरीय कार्यक्रम माननीय मन्त्रीज्यू र श्रीमान् सचिवज्यू समुपस्थितिमा देहायको मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा यसैसाथ संलग्न प्रस्तुतीकरणको ढाँचामा विवरण तयार गरी प्रस्तुतीकरण सहित सहभागी हुनुहुन अनुरोध छ।

**मिति २०८१/१०/१३ देखि १५ गतेसम्म।**
**आइपुग्नु पर्ने समयः २०८१/१०/१३ गते अपरान्ह ४ बजेसम्म ।**
**स्थानः गौतम होटल, बर्दीबास, महेत्तरी।**

Ajay Das
२०८१/१०/११
अजय दास
व्यवस्थापन शाखा प्रमुख

- कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत (वा मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको अधिकृत) स्वयं कार्यक्रम अवधिभर अनिवार्य उपस्थित हुनुपर्नेछ ।
- कार्यक्रम अवधिभर खाना, खाजा तथा आवासीय व्यवस्था मन्त्रालयको तर्फबाट हुनेछ। कार्यक्रममा कार्यालयको सवारी साधन सहित उपस्थित हुने र सवारीचालकको समेत आवासीय व्यवस्था गर्नुपर्ने भएमा सोको जानकारी कार्यक्रम शुरु हुने अघिल्लो दिन १२ बजे भित्र मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ। दैनिक तथा भ्रमण भत्ता लगायतका कुनैपनि खर्च मन्त्रालयबाट उपलब्ध गराईने छैन।
- त्यस मन्त्रालयको च.नं. ६२ मिति २०८१/०७/०७ को पत्रबाट अनुरोध गरिए बमोजिमको अनलाइन Google Form (http//bit.ly/progressrey) मा प्रगति प्रविष्टि भएको सुनिश्चित गरी सो को आधारमा संलग्न ढाँचाको प्रस्तुतिकरण सहित उपस्थित हुनुपर्नेछ। प्रति स्थानीय तह प्रस्तुतीकरणको लागि १० मिनेट समय उपलब्ध गराईने छ।
- कार्यक्रमको उद्घाटन सत्र, मन्त्रालयको प्रस्तुतीकरण र समापन सत्र सामुहिक रुपमा हुनेछ। स्थानीय तहबाट हुने प्रस्तुतीकरण र सो सम्बन्धी मन्त्रालयको प्रस्तुतीकरणको लागि सहभागी स्थानीय तहको संख्याका आधारमा तिनीहरुलाई आवश्यकता अनुसार समुहमा विभाजन गरी समानान्तर रुपमा प्रस्तुतीकरणको व्यवस्था मिलाईने छ।
- कार्यक्रम सम्बन्धी थप जानकारी आवश्यक भएमा ९८५१०३१६२७ वा ९८४३५५४८८८ मा सम्पर्क राख्न सकिनेछ।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन